# अरुण गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः ११ मितिः २०८१/०३/१८

भाग–१

अरुण गाउँपालिका

अरुण गाउँपालिका, भोजपुरको

# शिक्षा ऐन (दोस्रो संशोधन), २०८०

(गाउँ सभाबाट स्वीकृत मितिः २०८१/०३/१७)

आज्ञाले

मणिराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

अरुण गाउँपालिका, भोजपुरको

# शिक्षा ऐन (दोस्रो संशोधन), २०८०

गाउँ सभाबाट स्वीकृत मितिः २०८१/०३/१७)

**प्रस्तावनाः**

अरुण गाउँपालिकाको शिक्षा ऐन, २०८० लाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकोले, अरुण गाउँपालिकाले यो ऐन बनाइ लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम अरुण गाउँपालिकाको शिक्षा ऐन (दोस्रो संशोधन), २०८० रहेको छ ।

२. यो ऐन राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

३. मूल ऐनको दफा (१०) मा संशोधनः

क) अरुण गाउँपालिका भोजपुरको शिक्षा ऐन, २०८० (यस पछि मूल ऐन भनिएको) को दफा (१०) उपदफा (१) क (१) मा गाउँपालिका उपाध्यक्षलाई सदस्यमा थप गर्ने।

ख) दफा १० उपदफा (१) को खण्ड (च) मा “स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट गाउँ शिक्षा समितिको अध्यक्षले मनोनित गरेको एक जना दलित सहित तीन जना” भन्ने वाक्यांशको सट्टा “स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट गाउँ शिक्षा समितिको अध्यक्षले मनोनित गरेको एक जना दलित सहित दुई जना” - संशोधन गर्ने।

ग) दफा १० उपदफा (२) संशोधनः दफा १० उपदफा (२) मा “गाउँपालिका उपाध्यक्ष तथा वडा अध्यक्षलाई गाउँ शिक्षा समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ” भन्ने वाक्यांशमा उपाध्यक्ष शब्द हटाउने ।

४. मूल ऐनको दफा (२०) उपदफा (३) (क) थप गरिएको - दफा २०(१) बमोजिमको समितिमा “माध्यमिक विद्यालय र आधारभूत विद्यालय (१-८) को हकमा गाउँ शिक्षा समिति अध्यक्षबाट मनोनित १ जना सदस्य रहनेछ” भन्ने वाक्यांश थप गर्ने।

आज्ञाले<br>मणिराम खतिवडा<br>प्रमुख प्रशासकीय अधिकृत